नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

## सम्पूर्ण सहकारी संघ/संस्थाका शेयर सदस्यज्यूहरुलाई अनुरोध ।

तपाईहरुको सहकारी संघ/संस्थाले समयमा नै लेखापरीक्षण, साधारणसभा गरे/नगरेको, मासिक,चौमासिक र वार्षिक प्रतिवेदन नियामक निकायमा बुझाउने गरे/नगरेको, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनको परिपालना गरेको/नगरेको,goAML मा नेपाल राष्ट्र बैंकमा प्रतिवेदन गरे/नगरेको साथै संघीय सहकारी विभागद्धारा सञ्चालित सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आबद्ध भई नियमित रुपमा विवरण प्रविष्ट गर्ने गरे/नगरेको, सन्दर्भ ब्याज दरको पालना गरे/नगरेको, सेवा शुल्क तोकिए बमोजिम मात्र लिने गरे/नगरेको र सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा आफ्नो नियामक निकायबाट जारी गरिएका ऐन, कानून नीति, नियम र विभागबाट समय समयमा जारी गरिएका नीति, नियम कार्यविधि तथा निर्देशन बमोजिम संस्था सञ्चालन भए/नभएको विषयमा चनाखो भई ध्यान पुऱ्याउनुका साथै सक्रिय सदस्यको रुपमा भूमिका निर्वाह गर्नु हुन अनुरोध छ ।

उप-रजिष्ट्रार

रजिष्ट्रार

सूचना: ००२

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँबानेश्वर, काठमाडौं

## सहकारी संस्थामा बचत गर्दैछौं भने यी विषयहरुमा ध्यान दिऔं :

**सर्वसाधारणको संस्था :** सहकारी संस्था देशका कृषक, कालिगढ, श्रमिक, न्यून आय समूह एवं सीमान्तकृत समुदाय वा सर्वसाधारण उपभोक्ता माझ छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वालम्वन र पारस्पारिकताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न समुदायमा आधारित, सदस्य केन्द्रीत, लोकतान्त्रिक, स्वायत्त र स्वशासित सङ्गठनको रुपमा स्थापित संस्था हो । यस्तो संस्थामा सदस्य भई बचत गर्दा निम्न विषयहरुमा ध्यान दिऔं

- संस्थाले तोकेको ब्याज सहकारी विभागद्धारा जारी गरिएको सन्दर्भ ब्याजदर अनुरुप छ, छैन ।
- वजारमा चलिरहेको ब्याजदर भन्दा निकै बढी वा निकै घटी छ भने सतर्क रहनुहोस् ।
- पाकेको ब्याज पाउने तरिका र समय बारेमा निश्चित हुनुहोस् ।

उप-रजिष्ट्रार

सूचना: ००३

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**सहकारी विभाग**

**ब्याज पुँजीकरण नगर्ने सम्बन्धमा सहकारी संस्थाहरूलाई सूचना ।**

सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (५) मा सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन । सहकारी सङ्घसंस्थाले आफूले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई साँवा रकममा जोडी ब्याज लगाउने कार्य नगर्नु, नगराउनु हुन सूचित गरिन्छ । सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ बमोजिम उल्लिखित व्यवस्था परिपालना नगरी ब्याजलाई पुँजीकरण गरेको पाइएमा कानून बमोजिम कारबाही गरिने बेहोरासमेत जानकारी गराइन्छ ।

उप-रजिष्ट्रार

रजिष्ट्रार

सूचना: ००४

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**

## सहकारी संस्थाले तोकिएको मूल्यमा मात्र सेयर बिक्री गर्नुपर्ने सम्बन्धी सूचना ।

सहकारी ऐन, २०७४ को दफा ६३ को उपदफा (४) मा सहकारी संस्थाको सेयरको अङ्कित मूल्य प्रतिसेयर एक सय रूपैयाँ हुनुपर्ने व्यवस्था रहेको छ । तदनुसार सहकारी संस्थाले प्रचलित कानूनबमोजिम योग्यता पुगेका सेवा उपयोग गर्न इच्छुक व्यक्तिलाई एक सेयर मात्र खरिद गरेको खण्डमा पनि स्वैच्छिक तथा खुला सदस्यताको सिद्धान्तबमोजिम कुनै भेदभाव नगरी समान अधिकारसहित सदस्यता प्रदान गर्नुपर्दछ ।

अत: नयाँ वा पुराना जुनसुकै सदस्यलाई सहकारी संस्थाको सेयर बिक्री गर्दा अङ्कित मूल्य–अर्थात् प्रतिसेयर एक सय रूपैयाँका दरले हुने रकम मात्र–लिनु हुन वा त्यस्तै अन्य कुनै नाममा अतिरिक्त रकम नलिनु हुन जानकारी गराइन्छ । सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ बमोजिम उल्लिखित व्यवस्था परिपालना नगरेको पाइएमा कानून बमोजिम कारवाही गरिने बेहोरासमेत जानकारी गराइन्छ ।

उप-रजिष्ट्रार

रजिष्ट्रार

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**

## सहकारी संस्था : के ? किन ? कसलाई ?

### सहकारी संस्था के हो ?

सदस्यहरूले आफैंलाई आवश्यक सेवाको बन्दोबस्त गर्ने व्यवसाय हो,
सेवा लिने व्यक्तिलाई जहिलेसुकै सदस्यता दिने खुला सङ्गठन हो र
स्वावलम्बनको पारस्परिक अभ्यास गर्ने संरचना हो ।

### सहकारी संस्था के होइन ?

अर्कालाई सेवा दिएर आफूले पैसा कमाउने व्यवसाय होइन,
दर्ता गरेर कसैको सहयोग माग्ने प्रयास होइन र
शुभचिन्तकहरू सदस्य बनिदिएर गर्न खोज्नेहरूलाई मद्दत दिने उपकारको प्रतीक पनि होइन ।

### सहकारी संस्था किन ?

आफ्नो आर्थिक, सामाजिक, साँस्कृतिक उन्नति आफैं गर्न,
सहभागितामूलक प्रकियाबाट आफ्नो व्यक्तित्व विकास एवं कृतृत्व विस्तार गर्न र
शोषणविहीन आर्थिक सम्बन्धनहरू स्थापना गरी प्रकृति-मैत्री जीवन शैलीको संस्कृति बसाल्न ।

### सहकारी संस्था कसका लागि ?

आफैं उत्पादन गर्ने प्राथमिक उत्पादकहरूका लागि,
वस्तु वा सेवाका आम उपभोक्ताहरूका लागि र
स्वरोजगारीको उद्योगधन्दा चलाउने वास्तविक श्रमजीवीहरूका लागि ।

**सदस्यहरु बीच अधिकारको समानता** : अघि-पछि जुनसुकै मितिमा सदस्य बनेको भए तापनि सदस्यको कर्तव्य र अधिकार संस्थामा बराबर हुन्छ । कसैले आफूलाई संस्थापक मानी अरु सदस्यलाई ग्राहकजस्तो व्यवहार गर्न पाइदैन । धेरै वा थोरै पैसा राख्ने सदस्य बीचमा कुनै भेदभाव गर्न मिल्दैन ।

□□□

उप-रजिष्ट्रार

रजिष्ट्रार

सूचना: ००६

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**सहकारी विभाग**

**बचत तथा ऋणको मुख्य कारोबार गरेका बहुउद्देश्यीय तथा अन्य विषयगत सहकारी सङ्घसंस्थाहरूलाई सूचना ।**

सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (२) मा बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्थाबाहेक अन्य विषयगत वा बहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोबार गर्न नपाउने र त्यस्ता विषयगत वा बहुउद्देश्यीय संस्थाले ऐन प्रारम्भ हुनुअघि बचत तथा ऋणको मुख्य कारोबार गर्दै आएको भए बचत तथा ऋणको मुख्य कारोबार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोबार गर्नुपर्ने व्यवस्था रहेको छ । तसर्थ बहुउद्देश्यीय वा अन्य विषयगत सहकारी संस्थाहरुलाई ऐनको दफा २ को खण्ड (ज) मा दिइएको मुख्य कारोबारको परिभाषा अनुसार कारोबार गर्न गराउन अनुरोध गरिन्छ । सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ बमोजिम उल्लिखित व्यवस्था परिपालना नगरेको पाइएमा कानून बमोजिम कारबाही गरिने बेहोरासमेत जानकारी गराइन्छ ।

उप-रजिष्ट्रार

रजिष्ट्रार

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**

**दोहोरो सदस्यता लिन नहुने सम्बन्धी सहकारी संस्थाका सदस्यहरूलाई सूचना ।**

सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था रहेको छ ।

कसैले एकै स्थानीय तहभित्र कार्यसञ्चालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिनुभएको भए आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्थाको सदस्यता अन्त्य गर्नुहुन अनुरोध छ ।

सहकारी संस्थाहरूले आफ्ना सदस्यहरुलाई सदस्य पहिचान फाराम भराई/अद्यावधिक गरी दोहोरो सदस्यता भएको पाइएमा सदस्यताबाट हटाउनु पर्नेछ । सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ बमोजिम उल्लिखित व्यवस्था परिपालना नगरेको पाइएमा कानून बमोजिम कारबाही गरिने बेहोरासमेत जानकारी गराइन्छ ।

उप-रजिष्ट्रार

रजिष्ट्रार

सूचना: ००८

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**

**साधारण सभाबाट निर्णय गराएर मात्र गर्नुपर्ने विषयहरु बारे सहकारी संघसंस्थाहरूलाई सूचना ।**

सहकारीऐन, २०७४ को दफा ३८ मा अन्य कुराका अतिरिक्त सहकारी संस्थाको आन्तरिक कार्यविधि पारित गर्ने, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने, पारिश्रमिकलगायतका सुविधा तोक्ने, बाह्य दायित्व स्वीकार गर्ने र सदस्यको दायित्व मिनाहा दिने कार्यहरू साधारण सभाले मात्र गर्न सक्ने व्यवस्था रहेको छ । अतः कानुनमा भएको उक्त व्यवस्था कार्यान्वयनका लागि देहायबमोजिम गर्नु, गराउनु हुन सम्बन्धित सहकारी संघसंस्थाहरुलाई सूचित गरिन्छ ।

१. जुनसुकै आन्तरिक कार्यविधि साधारण सभाबाट पारित गराएर मात्र लागू गने,
२. वार्षिक निति कार्यक्रम तथा बजेट र सोमा हुने संशोधनसमेत साधारण सभाबाट स्वीकृत भएपछि मात्र कार्यान्वयन गर्ने;
३. सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति वा अन्य उपसमितिका पदाधिकारीहरूका साथै व्यवस्थापक वा प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक वा सुविधा साधारण सभाबाट तोकेर मात्र खर्च लेख्ने;
४. ऋण लिँदा वा अन्य तवरले बाह्य दायित्व सृजना गर्दा साधारण सभामा पेस गरी निर्णय भएबमोजिम माग गर्ने;
५. साधारण सभाको निर्णयविना सदस्यको दायित्व मिनाहा नदिने र
६. सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ को साधारणसभाबाट स्वीकृत गराएर मात्र कार्यान्यन गर्नुपर्ने विषयहरुसँग बाझिएका विनियमका प्रावधानहरू यथाशीघ्र संशोधनको लागि साधारणसभामा पेश गरि नियामक निकायहरुबाट स्वीकृति लिने व्यवस्था मिलाउने ।

उप-रजिष्ट्रार

रजिष्ट्रार

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## सहकारी विभाग
बबरमहल/नयाँ बानेश्वर, काठमाडौं

**सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिम गर्ने, गराउने सम्बन्धमा सहकारी संघसंस्थाहरुलाई सूचना ।**

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन,२०६४ को दफा ७प. को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस विभागबाट २०७४ साल माघ १५ गते सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी संघसंस्थालाई निर्देशन जारी गरिएको बेहोरा विदितै छ। उक्त निर्देशन विभागको वेबसाइट www.deoc.gov.np बाट प्राप्त गर्न सकिन्छ। तदनुसार सहकारी संघ/संस्थाले देहायका व्यवस्था अविलम्ब मिलाउनु हुन सुचित गरिन्छ।

१) ऐनको दफा ७क. बमोजिम तथा निर्देशनको दफा ३, ६, ७, र ९ बमोजिम सदस्यको पहिचान र सम्पुष्टिको विवरण(KYM) अद्यावधिक गर्ने।

२) ऐनको दफा ७घ. तथा निर्देशनको दफा १३ बमोजिम सदस्यहरुको जोखिम पहिचान, मूल्याङ्कन तथा व्यवस्थापन गर्ने व्यवस्था अविलम्ब मिलाउने।

३) निर्देशनको दफा १९ र २० बमोजिम कुनै सदस्यले एकै पटक वा पटकपटक गरी एक दिनमा रु १० लाख वा सो भन्दा बढी रकमको कारोवारलाई सिमा कारोवारको प्रतिवेदनका लागि १५ दिनभित्र र शंकास्पद कारोवारको प्रतिवेदन ३ दिनभित्र नेपाल राष्ट्र बैंक, वित्तिय जानकारी इकाई(FIU) मा तोकिएको ढाँचामा पठाउने।

४) ऐनको दफा ७त. को उपदफा (१) तथा निर्देशनको दफा २७ बमोजिम सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धि आन्तरिक नीति र कार्यविधि तर्जुमा गरी साधारण सभाबाट पारित गराई लागू गर्ने।

५) सञ्चालक समितिले ऐनको दफा ७त. को उपदफा (३) तथा निर्देशनको दफा २४ बमोजिम व्यवस्थापन स्तरको कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) नियुक्ति गर्ने वा नियुक्त नभएसम्म प्रमुख कार्यकारी अधिकृतले नै कार्यान्वयन अधिकारीको कार्य गर्ने गरी जिम्मेवारी तोक्ने र सो को जानकारी विभाग, वित्तिय जानकारी इकाई (FIU) लगायत नियामक निकायमा पठाउने।

६) निर्देशनको दफा २८ बमोजिम बचत तथा ऋणको मुख्य कारोवार नगर्ने संस्था र रु ५ करोड भन्दा कम जायजेथा भएका संस्थाले बार्षिक रुपमा तथा अन्य सबै संस्थाले चौमासिक रुपमा देहाय बमोजिम प्रतिवेदन पठाउनु पर्दछ।

क) नियामक निकायमा निर्देशनको अनुसूचि ६ को ढाँचामा, तोकिएको अवधि भित्र सम्पादित कामको प्रतिवेदन पठाउनु पर्दछ। त्यसैगरी राष्ट्रिय सहकारी महासंघ, विषयगत केन्द्रीय संघहरु र सहकारी बैंकले विभाग तथा प्रदेश र जिल्लासंघहरुले सम्बन्धित नियमनकारी निकाय सहित विभागमा अनुसुची ७ को ढाँचामा चौमासिक रुपमा प्रतिवेदन दिनुपर्ने छ।

ख) प्रदेश, जिल्ला वा स्थानीय तह (नियमनकारी निकाय)ले प्राप्त प्रतिवेदन सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानून पालना सम्बन्धी अनुगमन तथा सुपरीवेक्षण कार्यविधि, २०७५ को अनुसुची ३ को ढाँचामा समष्टिगत विवरणसहितको प्रतिवेदन अवधि व्यतित भएको १५ दिन भित्र विभागमा पठाउनु पर्दछ।

७) माथि बुँदा नं. १ देखि बुँदा नं. ६ सम्मका सम्पूर्ण विवरण तोकिएको निकायहरुमा दाखिला गरी सकेपछि सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली *(COPOMIS)* मा समेत प्रविष्ट गर्नुहुन जानकारी गराइन्छ ।

उप-रजिष्ट्रार रजिष्ट्रार

सूचना: ०१०

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सहकारी विभाग

## सम्पूर्ण सहकारी संघसंस्थाहरुलाई अनुरोध गरिएको सम्बन्धमा

सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा अन्य प्रचलित कानून बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र लेखापरीक्षण सम्पन्न गर्ने, ६ महिनाभित्र साधारणसभा सम्पन्न गर्ने, साधारणसभा सम्पन्न भएको १५ दिन भित्र नियामक निकायमा प्रतिवेदन पठाउने, तोकिएको समयभित्र मासिक, चौमासिक र वार्षिक प्रतिवेदनहरु विभागले लागू गरेको COPOMIS प्रणाली मार्फत सम्बन्धित नियामक निकायमा पठाउने, PEARLS तथा सदस्य केन्द्रीयता सूचकाङ्कले तोकेको सीमाभित्र वित्तीय तथा व्यवस्थापकीय सुशासन कायम गर्नुपर्ने लगायतका विषयहरु जानकारी नै छ ।

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ बमोजिम सदस्य पहिचान फाराम (KYM) लगायतका विभिन्न प्रतिवेदनसँग सम्बन्धित विषयहरु, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी विरुद्धको दोश्रो रणनीतिक कार्ययोजना बमोजिम रु. १० करोडभन्दा बढी वित्तीय दायित्व भएका संस्थाहरुले goAMLSoftware मार्फत प्रतिवेदन गर्ने, विभागले लागू गरेको सन्दर्भ ब्याजदरको सीमाभित्र रही ऋण लगानी गर्ने, एक प्रतिशत भन्दा बढी सेवा शुल्क लिन नपाउने जस्ता विषयहरु अनिवार्य रुपमा पालना गर्ने/गराउने गरी सूचना जारी गरिएको छ । उल्लेखित व्यवस्थाहरु परिपालना नगरि सहकारी संघसंस्था संचालन गरे गराएको कूरा कुनै उजुरी वा अनुगमनको क्रममा भेटिएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

उप-रजिष्ट्रार

रजिष्ट्रार